नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०८३/०३/२५

## स्नातक तह D.Pharmacy शैक्षिक कार्यक्रमका लागि पाकिस्तान सरकारबाट PTAP अन्तर्गत प्राप्त सिटमा अध्ययनका लागि विद्यार्थी सिफारिस गर्न अनलाइन आवेदन माग गरिएको सूचना

शिक्षा तथा खेलकुद मन्त्रालयको च नं १४०३ मिति २०८३/०३।२२ तथा परराष्ट्र मन्त्रालयको च.नं. १२१७८/ प सं SA-II २०८२/८३ मिति २०८३/०३/१८ (२ जुलाई २०२६) को नोट नं Trg-8/2/2025 (PTAP) (Revised) पत्र / कुटनैतिक नोट मार्फत पाकिस्तान सरकारको Pakistan Technical Assistance Program (PTAP) अन्तर्गत २०२६/२७ सत्रमा D.Pharmacy शैक्षिक कार्यक्रमका लागि ८ ओटा सङ्ख्यामा नेपाली विद्यार्थीका लागि छात्रवृत्तिमा सिट प्राप्त भएको भनी लेखी आएकाले उक्त छात्रवृत्तिमा अध्ययन गर्न देहाय अनुसार योग्यता पूरा भएका इच्छुक नेपाली उम्मेदवारहरूले मिति २०८३/०३/२५ गतेदेखि मिति २०८३/०३/२७ गते अपरान्ह ५:०० बजेभित्र आफ्नो प्रोफाइल मार्फत् देहाय अनुसार प्रक्रिया अपनाई अनलाइन आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### क. प्राप्त सिटको समूहगत विभाजन

राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधन सहित) को नियम २० को उपनियम (१०) बमोजिम हिसाब गरी प्राप्त सिटलाई देहायबमोजिम समूहगत विभाजन गरिएको छ ।

| क. सं. | कार्यक्रम | जम्मा सिट | खुल्ला | महिला | मुस्लिम महिला | दलित | आदिवासी जनजाति | खस आर्य | मधेशी दलित | थारू | पिछडिएको क्षेत्र | शहीद परिवार ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | **D.Pharmacy** | ८ | ५ | १ | - | - | १ | १ | - | - | - | - |

### ख. न्युनतम योग्यता र छनौटका आधारहरू:

निम्न अनुसारका सम्पूर्ण योग्यता र आधारहरू पूरा गरेको हुनुपर्नेछ ।

१. स्नातक तहको सम्बन्धित शैक्षिक कार्यक्रमको पछिल्लो एकीकृत प्रवेश परीक्षा (MECEE-BL 2026) को योग्यतासूचीमा रहेको
२. वैदेशिक अध्ययन अनुमतिपत्र नलिएको
३. वैदेशिक छात्रवृत्तिमा मनोनयन नभएको
४. कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना नभएको
५. यसै सूचनामा संलग्न तथा PTAP का अन्य मापदण्डहरू पूरा भएको ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ६३३, ६३४, ६३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

ग. **न्युनतम शैक्षिक योग्यता**

PTAP का लागि देहाय अनुसारको शैक्षिक योग्यता तोकी आएको हुनाले यस छात्रवृत्तिमा आवेदन दिने आवेदकहरूले उक्त योग्यता हासिल गरेको हुनुपर्नेछ ।

| Discipline | Subjects | Score |
|---|---|---|
| D Pharmacy | English, Physics, Chemistry and Biology. | At least 60% marks in HSSC or equivalent from Inter Board Coordination of Commission (IBCC). |

यदि लेटर ग्रेडिङ प्रणालीमा ग्रेडिङ भएको भएमा CGPA न्यूनतम 2.8 हुनुपर्नेछ ।

घ. **अनलाइन आवेदन दिने प्रक्रिया:**

१. एकीकृत प्रवेश परीक्षाको नतिजाको योग्यताक्रममा रहेका उम्मेदवारले चिकित्सा शिक्षा आयोगको वेबपोर्टल https://entrance.mec.gov.np मा ब्राउज (browse) गरी Login बटनमा क्लिक गरी आफ्नो प्रोफाइल Login गर्नुपर्नेछ ।

२. आफ्नो प्रोफाइलमा रहेको Application मेन्युमा MECEE-BL 2026 View Details मा क्लिक गर्नुपर्नेछ।

३. B Pharm शैक्षिक कार्यक्रमको Action Column मा रहेको PTAP Scholarship 2026(D. Pharmacy) को छेउमा रहेको Apply बटनमा क्लिक गरी फाराम submit गर्नुपर्नेछ।

ङ. **उम्मेदवार छनौट र छनौटपछिको प्रक्रिया:**

१. अनलाइन आवेदनको समय समाप्त भएपश्चात् आवेदन दिएका योग्य उम्मेदवारहरूमध्ये परीक्षा आवेदन फाराम भर्दाका वखत भरेको विद्यालयको प्रकार र समावेशी समूह तथा योग्यताक्रमका आधारमा चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्नासम्बन्धी कार्यविधि, २०८३ बमोजिम छनौट गरिनेछ र शिक्षा तथा खेलकुद मन्त्रालयमा सिफारिश गरिनेछ।

२. यस छात्रवृत्तिका लागि चिकित्सा शिक्षा आयोगबाट सिफारिशमात्र हुने हो । सिफारिस भएपछि मन्त्रालयहरू र पाकिस्तान सरकारले निर्धारण गरेका आवश्यक सम्पूर्ण प्रक्रियाहरू उम्मेदवार स्वयंले पूरा गर्नुपर्ने छ ।

मञ्जु अधिकारी
उपसचिव

नेपाल सरकार
# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:- १४०३

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति २०८३।०३।२२
नेपाल संवत् ११४६

श्री चिकित्सा शिक्षा आयोग,
सानोठिमी, भक्तपुर।

**विषयः विद्यार्थी मनोनयन सिफारिस गरी पठाइदिने सम्बन्धमा ।**

उपरोक्त विषयानुसार परराष्ट्र मन्त्रालयको प.सं. SA-II/२०८२/८३ च.नं.१२१७८ मिति २०८३/०३/१८ (२ जुलाइ २०२६)को पत्र तथा Embassy of Pakistan को कूटनैतिक नोट नं. Trg-8/2/2025 (PTAP) (Revised) (पत्र/ कूटनैतिक नोट यसैसाथ संलग्न छन्) मार्फत D. Pharmacy विषयमा ८ वटा सिटका लागि विद्यार्थीहरू मनोनयनको लागि माग भइआएकोले स्थापित कानुनी मापदण्डका आधारमा माग भएको सङ्ख्यामा विद्यार्थीहरू मनोनयन गरी मिति २०८३/०३/२६ गतेभित्र नामावली सहितको विवरण पठाइदिनुहुन यस मन्त्रालयको मिति २०८३/०३/२२को (सचिवस्तरीय) निर्णयअनुसार अनुरोध छ।

.........................
कुशलदेव घिमिरे
उपसचिव

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

(दक्षिण एसिया महाशाखा)

(अत्यन्त जरुरी)

प. सं. SA-II/२०८२/८३
च. नं.१२१७८

मितिः२०८३/०३/१८
२ जुलाई २०२६
नेपाल संवत् ११४६

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः नेपाली विद्यार्थीहरुको मनोनयन गरी पठाउने सम्बन्धमा।

काठमाण्डौंस्थित पाकिस्तानी राजदूतावासको नं. Trg-8/2/2025 (PTAP), मिति १ जुलाई २०२६ को नोट मार्फत Pakistan Technical Assistance Program (PTAP) को सन् २०२६/०२७ को सत्रका लागि पाकिस्तानी विश्वविद्यालयहरुमा BSc Engineering तथा D. Pharmacy कार्यक्रमहरुमा नेपाली विद्यार्थीहरुका लागि खुलाइएको आवेदनमा मनोनयन गरी दूतावासमा पेस गर्न अनुरोध भई आएको छ।

तसर्थः तोकिएका BSc Engineering (६ वटा जुनसुकै विंधाले आवेदन गर्न सक्ने) तथा D. Pharmacy (८ वटा) मा तहाँ मन्त्रालयवाट उपयुक्त विधार्थिहरुको मनोनयन गरी सोको जानकारी १० जुलाई २०२६ भित्र अनिवार्य रुपमा यस मन्त्रालयमा उपलब्ध गराइदिनुहुन निर्देशानुसार अनुरोध छ।

(चन्द्रकान्त पराजुली)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं । फोन नं. ०१-४२००१८२-८६, ४२००४३५, E-mail:- sa@mofa.gov.np

CamScanner

*Embassy of Pakistan*
*Chun Devi Marg, Maharajgunj,*
*Kathmandu, 44600*
*Ph: 4374024, Fax 4374012*
*Email: pakembktm@gmail.com*

**(Revised)**

**No. Trg-8/2/2025 (PTAP)**

The Embassy of the Islamic Republic of Pakistan presents its compliments to the Ministry of Foreign Affairs, Government of Nepal and has the honour to refer to its earlier Note of even number dated 19 June 2026 and to state that Government of Pakistan has invited applications from respective Nepalese candidates who have completed Higher Secondary School Certificate (HSSC) for admission in Pakistani universities, colleges in BSc Engineering & Doctor of Pharmacy (D. Pharmacy) under Pakistan Technical Assistance Programme (PTAP) for the session 2026-27, as per following qualifications and specific requirements of each discipline:-

| Discipline | Subjects | Score |
|---|---|---|
| B.Sc. Engineering (Any discipline) | English, Physics, Chemistry & Mathematics | At least 60% marks in HSSC or equivalent form Inter Board Coordination Commission (IBCC) |
| D. Pharmacy | English, Physics, Chemistry & Biology | At least 60% marks in HSSC or equivalent from Inter Board Coordination Commission (IBCC) |

The students may download application form from Ministry of Economic Affairs' website i.e. www.ead.gov.pk and application form should preferably be typed and submitted in quadruplicate alongwith attested copies of following documents.

- Academic Certificates and transcripts/mark sheets of HSSC/or equivalent qualification
- Recent photograph passport size (4 copies)
- Copies of Passport of the applicant
  Equivalent Certificate by the Inter Board Coordination Commission (IBCC) Islamabad.

Applicants are further advised to consult the official guidance for obtaining the IBCC online Equivalence Certificate through the following instructional video prior to submission of applications: https://youtu.be/[illegible] .

The esteemed Ministry is kindly requested to forward the information to concerned authorities and convey the response to this Mission by 15th July 2026 with nomination of 14 candidates (Engineering-6 & D. Pharmacy-8) by the Government of Nepal.

The Embassy of the Islamic Republic of Pakistan avails itself of this opportunity to renew to the Ministry of Foreign Affairs, Government of Nepal the assurances of its highest consideration.

EMBASSY OF PAKISTAN
Kathmandu

**Government of Nepal,**
**Ministry of Foreign Affairs,**
**Joint Secretary (South Asia),**
**Kathmandu**

CamScanner